# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौँ मार्ग ४ गते ०८ साल

भाग ६

## स्थानीय स्वायत्त–शासनमन्त्रालयको विज्ञप्ति

०८।७।२६।२

नेपाल उपत्यकाञ्चलको तीनै सहर, काठमाण्डू, ललितपुर र भक्तपुरमा नगर–पञ्चायतहरूको चुनाव हुने भएको छ। सहरको बन्दोबस्त र बासिन्दाको सुख सुबिस्ताको निमित्त सहरकै वासिन्दाहरूले आफ्नु प्रतिनिधिहरू छान्नुपरेको छ। नगर–पञ्चायतको सभापति र उपसभापतिहरू पनि सरकारबाट नियुक्त नभै नगर––पञ्चायतका चुनिएका सदस्यहरूमध्येबाटै छानिनेछन्। आवश्यकता परे मात्र सरकारले ५ जनासंम सदस्यहरू नियुक्त गर्नेछ। नगरको पूरा बन्दोबस्त यिनै प्रतिनिधिहरूबाट हुने भएकोले हरेक नागरिकले चुनावको काममा सहयोग दिई सक्रिय रुचि देखाई चुनावमा भाग लिनुपरेको छ। कसैले पनि चुनावमा नफ्रत देखाई आफ्नै अहित गर्न हुँदैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यही चुनावको कामको निमित्त मत दिन पाउने भोटरहरूको लिस्ट तैयार गर्न यस विभागबाट संख्याविभागका सुपरभाइजरहरू खटिएका छन् । यही कार्तिक १ गतेसम्म २१ वर्ष पुगिसकेका नरनारीहरूको नाम भोटर लिस्टमा दरिनेछ । संख्याविभागका कर्मचारीहरूले घरघर घुमी लिस्ट तैयार गर्ने काम सुरू गरिसकेका छन् । सहरका कुनै कुनै बासिन्दाहरूले ती कर्मचारी-हरूले सोधेका कुराको जबाफ सबै खुलाई नदिएको रिपोट यस विभागमा आए-को हुनाले यो मन्त्रालय फेरि पनि सहयोगको निमित्त जनतासँग अपील गर्दछ । मताधिकारीहरूको लिस्ट तैयार गर्ने काममा सहयोग दिनुभई नागरि-कहरूका सच्चा प्रतिनिधिहरू छानी प्रजातन्त्र प्रति आफ्नु कर्तव्य पूरा गर्नुहोस् ।

प्रजातन्त्रको सिद्धान्तबमोजिम महिलाहरूले पनि चुनावमा भाग लिने अधिकार र मौका पाएका छन् । महिलासंघहरू र अरू महिलाहरूका संस्थाहरू-सित पनि महिलाहरूमा चुनावसम्बन्धी सम्पूर्ण कर्तव्यलाई बोध गराई नगर-पञ्चायतको राम्रो गठनको निमित्त चाहिने प्रचार गर्न यो मन्त्रालय अपील गर्दछ ।

अन्त्यमा यो मन्त्रालय आशा गर्दछ कि सबै नागरिक र नागरिकका संस्थाहरूले रुचि देखाई शान्त तवरले चुनावमा भाग लिनुभई नगरपञ्चायतको राम्रो व्यवस्थाको लागि पूरा सहयोग प्रदान गर्दछुनेछ ।

ने. स. प्र. वि.

गोरखापत्र छापाखानाबाट प्रकाशित

मी. सु
विष्णु ... ओली
...
२००८.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।